नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुल्मी

फोनः- ०७९-५२०१३३ प्र.जि.अ.
फोन- ०७९-५२०८३३, ५२०२४२
daogulmi2046@gmail.com
noticeboard 1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

प.सं.- ०७८/७९
च.नं.-

मिति २०७८/०८/०६

## MRP फारम संकलन नगरिने सम्बन्धी अत्यन्त जरुरी सूचना।

नेपाल सरकार, परराष्ट्र मन्त्रालय, राहदानी विभागवाट च.नं. ६०४ मिति २०७८।८।२ मा लेखि आएको पत्र अनुसार राहदानी विभागवाट मिति २०७८ मंसिर १ गते देखि नै विधुतीय राहदानी (E-PASSPORT) जारी गर्ने कार्य प्रारम्भ भैसकेको व्यहोरा जानकारी नै छ ।सो को लागि राहदानी शाखामा काम गर्ने कर्मचारीलाई आवश्यक तालिम/व्यवस्थापनका साथै अन्य पूर्वाधारहरुको समेत व्यवस्थापन गर्नुपर्ने भएकोले समयमै यी कार्यहरु सम्पन्न गर्नको लागि मिति २०७८/०८/०७ गतेदेखि अर्को व्यवस्था नभएसम्मको लागि यस जिल्ला प्रशासन कार्यालयबाट साधारण एम.आर.पि.फारम संकलन नगरिने जानकारी यसै सूचना मार्फत सम्पूर्ण जिल्ला बासीहरुमा जानकारी गराईन्छ ।

करिव एक महिना पछि पूर्ण रुपमा नेपालवाट माग अनुसार विधुतीय राहदानी जारी हुन सक्ने अवस्था भएकाले र हाल लाग्ने भन्दा कम्तिमा पनि आधा समयमा नै जिल्लाहरुमा राहदानी आईपुग्ने व्यहोरा जानकारी गराउदै अब उप्रान्त अत्यन्त जरुरी भई कारण र प्रमाण सहित आएका सेवाग्राहीलाई मात्र द्रुत सेवा मार्फत हालको मेसिन रिडेवल राहदानीको लागि सिफारिस गरिने व्यहोरा अनुरोध छ । विधुतिय राहदानी सम्वन्धी सम्पूर्ण सूचनाहरु विभागको वेभसाईट मार्फत अपडेट हुने हुँदा सेवाग्राहीहरुले विधुतीय राहदानीको थप जानकारीको लागि राहदानी विभागको वेभसाईट **https://nepalpassport.gov.np/** हेर्नुहुन समेत अनुरोध छ।

२०७८/०८/०६

प्रशासकीय अधिकृत

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# राहदानी विभाग

मिति : २०७८.०८.०२

नारायणहिटी, काठमाण्डौ

प.सं. - डि.ओ.पी. ०७८/७९
च.नं. - ६०४

(अत्यन्त जरुरी)

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
सबै जिल्ला प्रशासन कार्यालयहरु
श्री कार्यालय प्रमुखज्यू,
सबै इलाका प्रशासन कार्यालयहरु ।

महोदय,

राहदानी विभागबाट हिजो मिति २०७८ मंसिर १ गते देखि विद्युतीय राहदानी (e-Passport) जारी गर्ने कार्य प्रारम्भ गरिएको छ । विभागले आजैदेखि अनलाइन मार्फत प्रिइन्रोलमेन्ट गरी मिति र समय बुक गरेका सेवाग्राहीहरुलाई सेवा प्रदान गर्न शुरु गरेको छ । शुरुका करिब दुई हप्ता त्रिपुरेश्वर स्थित विभागको त्रिपुरेश्वरस्थित भवनबाट सीमित संख्यामा विद्युतीय राहदानी जारी हुन गैरहेको छ र संख्या क्रमिकरुपमा बढाउँदै लगिने छ ।

यही मंसिर महिनामा जिल्ला प्रशासन कार्यालयहरु र तोकिएका इलाका प्रशासन कार्यालयहरुमा समेत विद्युतीय राहदानी जारी गर्ने कार्यका लागि प्रत्यक्ष दर्ता प्रणाली सहित कार्य शुरु गर्न लागिएको छ । यस कार्यको लागि प्राविधिकहरुको टोली सम्बन्धित कार्यालयमा आउने छन् । विभागमा सिस्टम स्टेबल हुनासाथ एकैसाथ दश देखि १५ वटा प्राविधिकहरुको टोली जिल्लाहरुमा जाने कार्यक्रम छ ।

विद्युतीय राहदानीको लागि त्यहाँबाट प्राप्त भएका एमआरपीका पेण्डिङ फारमहरु समेत यथा समयमै फछ्र्योट गर्नुपर्ने, उपयुक्त कोठाहरु तयारी अवस्थामा राख्नुपर्ने, आवश्यक टेबल, कुर्सी समेतको व्यवस्थापन गर्नुपर्ने र तालिमको लागि राहदानी शाखामा कार्यरत हुने कर्मचारीको व्यवस्थापन गर्नुपर्ने भएकोले समयमै यी कार्यहरु सम्पन्न गर्नको लागि समेत अबदेखि एमआरपी फारम संकलन नगर्ने व्यवस्था हुन अनुरोध छ ।

सेवाग्राहीहरुलाई विद्युतीय राहदानीको लागि यस विभागको वेबसाइट www.emrtds.nepalpassport.gov मार्फत अनलाइन फारम भरी मिति र समय लिएर मात्र विभागमा दर्ता गर्न आउनको लागि प्रिइन्रोलमेन्ट गर्नु पर्ने व्यवस्था छ । यसरी प्रिइन्रोलमेन्ट गरी मिति र समय लिएका सेवाग्राहीहरुलाई लाइन नबसी सहज र छिटो राहदानीको लागि निवेदन दिन सक्ने र निवेदन दिएको भोली पल्ट राहदानी उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

करिब एक महिना पछि पूर्णरुपमा नेपालबाट मागअनुसार विद्युतीय राहदानी जारी हुन सक्ने अवस्था भएकोले र हाल लाग्ने गरेको भन्दा कम्तिमा पनि आधा समयमा नै जिल्लाहरुमा राहदानी पुग्ने हुँदा सेवाग्राहीहरुलाई सोही सूचना प्रदान गर्ने व्यवस्था हुन अनुरोध गर्दछु । करिब दुईदेखि तीन हप्ता अन्तरिम समय हुनाले र राहदानी विभागले पनि डाटा माइग्रेशन गर्नु पर्ने, कार्यालय सार्नु पर्ने, तालिमको व्यवस्था गर्नु पर्ने आदि कारणले अत्यन्त जरुरी भई कारण र प्रमाण सहित आएका सेवाग्राहीलाई मात्र द्रुत सेवा मार्फत हालको मेशिन रिडेबल राहदानी उपलब्ध गराउने हुनाले सोही अनुसार सिफारिस हुन अनुरोध गर्दछु ।

विद्युतीय राहदानी सम्बन्धी सूचनाहरु विभागको वेबसाइट मार्फत नियमित अपडेट गरिने छ । साथै विद्युतीय राहदानीमा निवेदन दिन राष्ट्रिय परिचय पत्र वा सोको नम्बर आवश्यक हुने, हाल ३४ पृष्ठको साधारण विद्युतीय राहदानी मात्र उपलब्ध हुने, मेशिन रिडेबल राहदानी विभागको नारायणहिटीस्थित कार्यालय र विद्युतीय राहदानी त्रिपुरेश्वरस्थित कार्यालयबाट जारी हुने व्यहोरा समेत सेवाग्राहीलाई जानकारी गराउने व्यवस्था हुन अनुरोध गर्दछु ।

सादर

(डोम्नाथ प्रयास)
महानिर्देशक

बोधार्थ :
श्री गृह मन्त्रालय, सिंहदरबार ।